Koshi Province Police Training center, Biratnagar
E-Bulletin
Baishak, 2083

- अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०७ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न
(२०८३ वैशाख ०७ गते):
मिति २०८३ चैत ०४ गतेबाट यस तालिम केन्द्रमा संचालित २६ कार्यदिन अवधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०७ औं समूहको आज मिति २०८३ वैशाख ०७ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो।

साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन साथै सुरक्षाको क्षेत्रमा आईपर्न सक्ने खतराहरु लाई निष्तेज पार्न अहोरात्र तैनाथ हुनुपर्ने समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा यस केन्द्रका तालिम संयोजक प्रहरी निरीक्षक दिपक खरेलज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्गहरु, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **ट्राफिक नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम पाँचौ समूहको उद्घाटन कार्यक्रम सम्पन्न**
**(२०८३ वैशाख ०८ गते):**
मिति २०८३ बैशाख ०८ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको ४५ कार्यदिन अवधिको ट्राफिक नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम पाचौं समूहको तालिम संयोजक प्रहरी निरीक्षक दिपक खरेलज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।



- **हिरासत सुरक्षा कारागार व्यवस्थापन (प्र.ज. देखि प्र.व.ह.) तालिम पाँचौ समूहकोअन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**
**(२०८३ वैशाख ११ गते):**
मिति २०८२ चैत २९ गतेबाट यस तालिम केन्द्रमा संचालित १० कार्यदिन अवधिको हिरासत सुरक्षा कारागार व्यवस्थापन (प्र.ज. देखि प्र.व.ह.) तालिम ५ औं समूहको आज मिति २०८३ वैशाख ११ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो।

साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन साथै सुरक्षाको क्षेत्रमा आईपर्न सक्ने खतराहरु लाई निष्तेज पार्न अहोरात्र तैनाथ हुनुपर्ने समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा यस केन्द्रका तालिम संयोजक प्रहरी निरीक्षक दिपक खरेलज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्गहरु, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **बैण्ड डिस्प्ले कार्यक्रम सम्पन्न**
**(२०८३ वैशाख ११ गते):**
कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर र तालुक कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर बिच गरिएको कार्यसम्पादन सम्झौता बमोजिम मिति २०८३ वैशाख ११ गते शुक्रबार जिल्ला प्रहरी कार्यालय सुनसरी र ईलाका प्रहरी कार्यालय धरानको प्रमुख सहकार्यमा धरान उपमहानगरपालिका वडा नं. १६ स्थित धरानको रंगशाला कवडहलमा "बैण्ड डिस्प्ले" कार्यक्रम सम्पन्न गरियो।

उक्त कार्यक्रममा सकल दर्जाका प्रहरी कर्मचारीहरु साथै सर्वसाधारण नागरिकहरूको समेत उपस्थित रहेको थियो।



- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न:**
**(२०८३ वैशाख १६ गते):**
२०८२ चैत १० गते बाट संचालन भईरहेको कार्यालय सञ्चालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) तालिम २८ औं समूहको पाठ्यक्रम कार्यतालिका बमोजीम आज मिति २०८३ चैत १६ गते मोरङको मिक्लाजुङ गाँउपालिका वडा नं ०१, रमितेडाँडा सम्मको प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक तथा तालिम संयोजक ऋषि राज ढकालज्यू , जुनियर प्रहरी अधिकृतहरू,प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।




**कार्यालय सञ्चालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) तालिम २८ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**
**(२०८३ वैशाख १७ गते):**

मिति २०८३ चैत ०४ गतेबाट यस तालिम केन्द्रमा संचालित ३० कार्यदिन अवधिको कार्यालय सञ्चालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) तालिम २८ औं समूहको आज मिति २०८३ वैशाख १७ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो।

साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन साथै सुरक्षाको क्षेत्रमा आईपर्न सक्ने खतराहरु लाई निष्तेज पार्न अहोरात्र तैनाथ हुनुपर्ने समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा यस केन्द्रका तालिम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्गहरु, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **प्रहरी जवान आधारभूत तालिम ४-१४२ औं समूहका प्रशिक्षार्थीहरुलाई चलचित्र प्रदर्शन**
**(२०८३ वैशाख २० गते):**

आज मिति २०८३ वैशाख २० गते, कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरमा प्रशिक्षणरत प्रहरी जवान आधारभूत तालिम ४–१४२ औं समूहका प्रशिक्षार्थीहरूको उत्प्रेरणा अभिवृद्धि गर्ने उद्देश्यले सार्वजनिक विदाको दिन पारेर यस केन्द्रको आयोजनामा विराटनगर महानगरपालिका स्थित Central Mall मा नेपाली कथानक चलचित्र "परालको आगो" हेरी मनोरञ्जन तथा पुर्नताजगी गराई चलचित्र प्रदर्शन कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, जुनियर प्रहरी अधिकृतहरू, प्रशिक्षक वर्ग तथा प्रशिक्षार्थीहरूको समेत उपस्थिति रहेको थियो।




- **वृहत नि:शुल्क आखाँ शिविर तथा जेनेरल स्वास्थ्य जाँच कार्यक्रम सम्पन्न**
**(२०८३ वैशाख २२ गते):**

आज मिति २०८३ वैशाख २२ गते कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरमा कोशी प्रदेश प्रहरी अस्पताल इनरूवा सुनसरीको सहकार्यमा विराटनगर आँखा अस्पताल रानि विराटनगरद्वारा आयोजित वृहत नि:शुल्क आखाँ शिविर तथा जेनेरल स्वास्थ्य जाँच कार्यक्रममा कोशी प्रदेश प्रहरी प्रमूख श्रद्धेय श्रीमान प्रहरी नायव महानिरीक्षक बिनोद घिमिरेज्यूको प्रमूख आतिथ्यतामा एक दिने "वृहत नि:शुल्क आखाँ शिविर तथा जेनेरल स्वास्थ्य जाँच" कार्यक्रम सम्पन्न भयो।

वृहत आँखा तथा जेनेरल स्वास्थ्य जाँच शिविरका सुविधाहरुमा नि:शुल्क आँखा जाँच, जेनेरल स्वास्थ्य जाँच, मोतियाविन्दु पत्ता लागेमा AICS प्रविधिबाट नि:शुल्क शल्यक्रिया एवं नि:शुल्क औषधी वितरण समेत रहेको थियो।

कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक योगेन्द्र सिंह थापाज्यू,जेनेरल सेक्रेटरी डा. भरत चन्द, नेपाल नेत्र ज्योती संघ,Chair Man पद्म नारायण चौधरी एवं विराटनगर आंखा अस्पतालका विशेषज्ञ डाक्टरहरु,प्रहरी उपरीक्षकज्यूहरु,हाडजोर्नी तथा नसा रोग विशेषज्ञ प्रा.प्र.ना.उ. डा.अनुज श्रेष्ठ लगायत कोशी प्रदेश प्रहरी अस्पताल सुनसरीका विशेषज्ञ डाक्टरहरु, सिनियर प्रहरी अधिकृतज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु, लगायत प्रशिक्षक वर्ग,प्र.का.स. तथा प्रशिक्षणरत सेवाकालिन तालिम र प्रहरी जवान आधारभूत तालिमका प्रशिक्षार्थीहरू समेतको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालय, कोशी प्रदेश प्रहरी तालिम केन्द्र,कोशी प्रदेश प्रहरी गण एवं प्रहरीका परिवारहरु समेत गरी कुल ६११ जनाले उल्लेखित सुविधाहरु लिनु भएको थियो।



- **अन्तरक्रिया तथा निर्देशन सम्बोधन कार्यक्रम सम्पन्न (२०८३ वैशाख २२ गते):**

कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरको सभाहलमा प्रस्तावित प्रहरी ऐन सम्बन्धमा प्रहरी कर्मचारीहरुसंग समसमायिक विषयहरुमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । वैशाख २२ गते नेपाल प्रहरी प्रधान कार्यालय मानवस्रोत विकास विभाग प्रमुख प्रहरी अतिरीक्त महानिरीक्षक राजन अधिकारीज्यूको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरुसंग प्रस्तावित प्रहरी ऐन सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको थियो। कार्यक्रममा प्रस्तावित प्रहरी ऐनमा समेटिनु पर्ने बिषयहरुमा सहभागीहरूले आ-आफ्नो सुझाव तथा जिज्ञासा राखेका थिए।

कार्यक्रमका प्रमुख अतिथि प्रहरी अतिरीक्त महानिरीक्षक राजन अधिकारीज्यूले प्रस्तावित प्रहरी ऐनले संगठनलाई अझ व्यवस्थित, उत्तरदायी र आधुनिक बनाउन महत्वपूर्ण भुमिका निर्वाह गर्ने बताउनु भयो।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूबाट तालिम गतिविधि सम्बन्धि तथा समसमायिक विषयमा प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा यस केन्द्रका सिनियर प्रहरी अधिकृतहरु,जुनियर प्रहरी अधिकृतहरु, र प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो।



- **Skin Care सम्बन्धी स्व-हेरचाह एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न: (२०८३ वैशाख २९ गते):**

मिति २०८२ वैशाख २९ गते ईन्टरनेशनल व्यूटिसियन एकेडेमी काठमाडौंद्धारा यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगर परिसरमा आयोजित Skin Care सम्बन्धी स्व-हेरचाह एवं अन्तरक्रिया कार्यक्रम सु-सम्पन्न भयो।

उक्त कार्यक्रममा इन्टरनेशनल व्यूटिसियन एकेडिमी काठमाडौंका संस्थापक निरम बस्नेतज्यूद्धारा यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा कार्यरत तथा प्रशिक्षणरत महिला प्रहरी कर्मचारीहरूलाई लक्षित गर्दै Skin Care, व्यक्तिगत स्व–हेरचाह, छाला स्वास्थ्य संरक्षण तथा आधुनिक सौन्दर्य प्रविधि सम्बन्धी उपयोगी जानकारी प्रदान गर्नुका साथै आधुनिक Skin Analysis प्रविधियुक्त मेसिनमार्फत सहभागीहरूको निःशुल्क छाला परीक्षण समेत गराइएको थियो।

कार्यक्रमको अन्त्यमा यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रको तर्फबाट प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहद्वारा इन्टरनेशनल व्यूटिसियन एकेडिमी काठमाडौंका संस्थापक निरम बस्नेतज्यूलाई हार्दिक कृतज्ञता स्वरुप मायाको चिनो प्रदान गरिएको थियो।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरिक्षकज्यू, इन्टरनेशनल व्यूटिसियन एकेडिमी काठमाडौंका संस्थापक निरम बस्नेतज्यू लगायत अन्य सहकर्मीका साथै यस केन्द्रका महिला प्रहरी कर्मचारीहरु एवं तालिमरत महिला प्रशिक्षार्थीहरुको समेत उपस्थिति



- **शुभ जन्मोत्सवको शुभकामना आदान प्रदान तथा साँस्कृतिक कार्यक्रम सम्पन्न: (२०८३ वैशाख २९ गते):**

यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा वैशाख महिनामा जन्मदिन पर्ने यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी कर्मचारी,सेवाकालिन तथा आधारभूत तालिममा प्रशिक्षणरत प्रशिक्षार्थीहरूको सामूहिक रूपमा जन्मोत्सवको शुभकामना आदान प्रदान कार्यक्रम साथै यस केन्द्रको अतिरिक्त क्रियाकलाप अन्तर्गत विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षकज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायतका प्रहरी कर्मचारीहरु र यस केन्द्रमा प्रशिक्षणरत प्रहरी जवान आधारभूत तालिम तथा उन्नत तालिमका प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।

